नेपाल सरकार
अर्थ मन्त्रालय

फ्यास नं १४७७०३८६
फोन नं ०१४७७०३८६

# महालेखा नियन्त्रक कार्यालय

(अन्तर सरकारी वित्त समन्वय शाखा)

अनामनगर, काठमाडौं

प.सं.:२०८१/८२
च.नं.:- १५

मिति :- २०८१/०४/२८

विषय :- स्थानीय तहको आ.व. ०८०।८१ को हिसाब भिडान सम्वन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,सवै ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ४ र ५ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० मा एकीकृत वित्तीय विवरण तयार गरी अर्थ मन्त्रालय र महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्ने जिम्मेवारी यस कार्यालयको रहेको छ।

स्थानीय तहको बार्षिक हिसाव मिलान कार्यलाई सहज तुल्याउन SuTRA मा कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रविष्ट गर्नु पर्ने वित्तीय हस्तान्तरण फाराममा केही परिमार्जन गरिएको छ। कतिपय कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले SuTRA प्रणालीको बार्षिक प्रतिवेदन खण्डको वित्तीय हस्तान्तरण भन्ने मेनुमा प्रविष्टि गर्नुपर्ने विवरण तथा स्थानीय तहले प्रविष्ट गर्नुपर्ने कोष/खाताको विवरण प्रविष्ट नगरेको कारण एकीकृत वित्तीय प्रतिवेदनलाई पूर्णता दिन नसकिने हुंदा स्थानीय तहको वित्तीय विवरणका लागि तपसिल अनुसार गर्नु गराउनु हुन मिति २०८१।०४।२८ निर्णयानुसार अनुरोध छ ।

<u>तपसिल</u>

- SuTRA उपलब्ध विवरणका आधारमा स्थानीय तहहरूबाट आ.व.०८०।८१ को फिर्ता गर्नु पर्ने सशर्त, समपुरक, बिशेष अनुदानको रकम हाल सम्म फिर्ता नभएको भए फिर्ता गर्नु गराउनु हुन । फिर्ता नगरेको अवस्थामा विनियोजन ऐन,२०८० तथा वजेट कार्यान्वयन सम्बन्धी यस कार्यालयको च.नं.०३ मिति २०८०।०४।०७ को पत्रको बुँदा ४० र ४१ अनुसार त्यस्ता स्थानीय तहहरूको चालु आ.व.२०८१।८२ को वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी राजश्वमा जम्मा गर्नु हुन र कट्टा गर्न नपुग भएमा स्थानीय तहको नाम र कट्टा गर्न बाँकी रकम समेतको विवरण राजश्व बाँडफाँट र रोयल्टीबाट कट्टा गर्नका लागि यस कार्यालयको इमेल igfcs@fcgo.gov.np मा भदौ १० गते भित्र पठाउनु हुन।
- प्रतिवेदन खण्डको वित्तीय हस्तान्तरण मेनुमा स्थानीय तहले SuTRA प्रणालीमा प्रविष्ट गरेको बजेट, निकासा, खर्च रकम स्वतः देखिने हुँदा कोष तथा लेखा नियन्त्रक कार्यालयले सो मेनुमा गई आफूले भर्नु पर्ने महलहरू जस्तै TSA अनुसारको बजेट महल-६ मा, निकासा महल-७,८,९ मा, स्थानीय तहबाट आ.व.०८०/८१ मा कोष तथा लेखा नियन्त्रक कार्यालयको खर्च खातामा फिर्ता भएको रकम महल १४ मा, राजश्वमा जम्मा भएको अनुदान फिर्ता रकम महल १५ मा र स्थानीय तहले गत आ.व.को फिर्ता गर्नु पर्ने रकमको चेक गत आ.व. मा नै जारी गरेका तर राजश्वमा जम्मा गरेको रकम महल १५ र १६ मा प्रविष्टि गर्नु हुन।
- स्थानीय तहले फिर्ता गरेको प्रदेश तर्फको वित्तीय हस्तान्तरणको रकम SuTRA को बार्षिक प्रतिवेदन भित्र रहेको वित्तीय हस्तान्तरण फाराममा **प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयहरुले** प्रविष्टि गर्ने व्यवस्था मिलाईएको हुँदा आ-आफ्नो क्षेत्राधिकार भित्रका स्थानीय तहहरूको विवरण उपरोक्त अनुसार वित्तीय हस्तान्तरण फाराममा सम्वन्धित **प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई कार्यालयहरूबाट** प्रविष्ट गर्ने व्यवस्था मिलाउनु हुन।

नेपाल सरकार
अर्थ मन्त्रालय
फ्याक्स न १४७७०३८६
फोन नं ०१४७७०३८६

# महालेखा नियन्त्रक कार्यालय

(अन्तर सरकारी वित्त समन्वय शाखा)
अनामनगर, काठमाडौं

प.सं.:२०८१/८२
च.नं.:-

- संघ र प्रदेशलाई फिर्ता गर्नु पर्ने रकम SuTRA प्रणालीको अनुगमन मेनुको संचितकोष भित्र रहेको Release and Return बाट समेत हेर्न सकिन्छ ।
- प्रतिवेदन खण्डको कोष/खाताको विवरण प्रविष्ट नगरेका स्थानीय तहहरूको विवरण तत्काल प्रविष्ट गर्न लगाउनु हुन।
- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०८।२० को निर्णयवाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान,२०७९(Nepal Public Sector Accounting Standards-NPSAS) अनुसार सवै स्थानीय तहहरूले एकीकृत वित्तीय विवरण तयारी गरी पेश गर्नु पर्ने भएकोले सोही अनुसारको लेखा नीति सहितको वित्तीय विवरण SuTRA प्रणालीमा भिडान गरी लिनु हुन ।
- स्थानीय तहको हिसाब भिडान अनलाइन रुपमा SuTRA बाट गर्ने व्यवस्था गरिएको छ ।यसको लागि प्रतिवेदन खण्डको वित्तीय हस्तान्तरण मेनुमा हिसाव मिलान भएको अवस्थामा सोही खण्डको संक्षिप्त मेनुको स्थानीय तह वार्षिक प्रतिवेदन साराशंको प्रकारमा गई Mismatch Status हेर्न सकिने र सो प्रतिवेदनमा सवै टिक ☑ आएमा सवै विवरण मिलेको तथा क्रस ☒ भएमा तत् तत् महल नमिलेको जनिने हुंदा सोही अनुसार सवै विवरण मिलाई लक गर्नु हुन।बैकं र लेजरको हिसाव घटी बढी भई क्रस ☒ नहटेमा घटी बढी देखिनुको कारण स्थानीय तहबाट माग गरी सिस्टममा लक गर्नु हुन।तहाँबाट स्थानीय तहको हिसाब लक भएपछि यस कार्यालयबाट समेत स्थानीय तहको हिसाब Central Lock गरिनेछ ।
- साथै Amount Mismatch Status समेत सोही सव मेनुबाट देखिने हुँदा सो समेत परीक्षण गरी निकासा रकम बाहेक चानचुन पैसाले मात्र हिसाव फरक परेको देखिएको अवस्थामा समेत सिस्टममा लक गर्नु हुन।

(मुन कुमार के.सी)
उप-महालेखा नियन्त्रक

बोधार्थ:

श्री महालेखा परीक्षकको, कार्यालय,अनामनगर,काठमाण्डौ।
श्री महालेखा नियन्त्रक कार्यालय, वित्तीय प्रतिवेदन तथा प्रकाशन शाखा ।
श्री महालेखा नियन्त्रक कार्यालय,कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,(सवै):
श्री प्रदेश लेखा ईकाइ कार्यालय,(सवै) ।
श्री स्थानीय तह, सवै (७५३)।

उपरोक्त अनुसार प्रदेश तर्फको निकासा र अनुदान फिर्ताको रकम SuTRA मा प्रविष्टि गरिदिनु हुन अनुरोध छ ।